# वार्षिक प्रगति प्रतिवेदन

**आ.व. २०७८/०७९**

हामी दाजुभाइ संस्थाका संस्थापक अध्यक्ष एवम् साधारण सभाका सभाअध्यक्ष श्री सन्जोग ठकुरीज्यू, कार्यसमितिका पदाधिकारी ज्यूहरु तथा साधारण सभाका  सदस्य साथीहरुमा मेरो न्यानो अभिवादन ।

**सभाध्यक्ष ज्यू,**

आज मिति २०७९ साल  पुष २३ शनिबारकोदिन हामी, दाजुभाइ संस्थाको चौथो वार्षिक साधारणसभामा उपस्थित हुनुहुने सम्पुर्ण सदस्यहरुमा म मेरो व्यक्तिगत तथा कार्यसमितिको तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वाागत गर्न चाहन्छु । आजको वार्षिक साधारणसभा हामीदाजुभाइको अधिबेशण पनि भएकोले अझ धेरै विशेष पनि छ ।

हामी दाजुभाइ लैंगिक समानता र सामाजिक समावेशिकरणको मुद्दामा कार्य गर्ने उद्देश्यले स्थापित संस्था हो जसले खासगरी यी मुद्दाहरुमा पुरुषहरुको संलग्नताका विषयमा छलफल गर्ने, संवाद गर्ने कार्य गर्दै आइरहेको त यहाँहरु सबैमा स्पष्ट नै छ । बलात्कार जस्तो जघन्य अपराध र त्यसमा युवा पुरुषहरुको सहभागिता देखेर त्यसलाई निरुत्साहित गर्ने उद्देश्यले सन् २०१८ मा हामी दाजुभाइ एक गोप्य फेसबुक समूहको रुपमा सुरु भयो जहाँ हामी पुरुषहरु भएर केकस्तो काम गर्न सक्दछौं भन्ने विषयमा छलफल गर्दै आइरहेका थियौं । त्यहि मुद्दालाई संस्थागत गर्ने अनुरोध र आवश्यकता बोध हुँदै हामीले वि.सं. २०७६ बैशाख २ गते जिल्ला प्रशसन कार्यालय, ललितपुरमा विधिवत रुपमा “हामी दाजुभाइ” लाई एक गैरसरकारी, गैरनाफामुलक सस्थाका रुपमा दर्ता गरेका थियौं । संस्थाको स्थापना कालदेखि हाल तेस्रो बर्ष पुरा गरी चौंथो बर्षमा प्रबेश गरेका छौं र यस अवधिमा संस्थाको उद्येश्य प्राप्तिका लागि नियमित रुपमा कार्यक्रमहरु संचालन गरि आवश्यक पैरबी गर्ने र संस्थाका एजेण्डालाई स्थापित गराई आवश्यक सामाजिक परिर्वतनका लागि सक्रिय रुपमा संस्थाले कार्य गर्दै आयको छ । यस दौरानमा कोरोना महामारी लगायतका चुनौतीहरुको समेत सामाना गर्दै निरन्तर आफ्नो योजना अनुरुप कार्यसंचालन गर्दै आएको छ ।

अब भने म यहाँहरु सबैको र सभाध्यक्ष ज्यूको अनुमतीमा आर्थिक वर्ष २०७८/७९ मा गरेका कार्यहरुको प्रगति विवरण पेश गर्दछु ।

१) युथ हब परियोजना

- यस परियोजना संचालनका लागि प्लान इन्टरनेशनल नेपालले आर्थिक सहयोग गरेको थियो भने परियोजना मिति २०७८ पुष १७ गते देखि २०७९ असार १६ गतेसम्म (1st January 2022 to 30th June 2022) संचालन भएको थियो ।
- नेपालका ६ वटा जिल्लाहरु बर्दिया, बाँके, सुनसरी, मकवानपुर, सिन्धुली, जुम्ला र कालिकोट का किशोरकिशोरीहरुलाई इन्टरनेट सुरक्षा र जिन बनाउने तालिम प्रदान गरिएको थियो ।
- यसै परियोजना अन्तररगत समाजका जरो गाडेर रहेको पृतीसत्ताको मुल्य मान्यतालाई पन्छाउन भुमिका खेल्ने ६ जनाको कथा (अनुभब) लाई Everyday Heroes कार्यक्रमका रुपमा समेटिएको थियो ।
- साथसाथै, girls' out loud समुहको लागि बिभिन्न पैरबी कार्यक्रमहरुको समेत आयोजना गरिइएको थियो ।

**२) पद हस्तान्तरण कार्यक्रम (Girls Take Over Event)**

प्लान ईन्टरनेसनल नेपालले सिन्धुली, मकवानपुर, सुनसरी, बर्दिया, जुम्ला र कालिकोटमा रहेका साझेदार संस्थाहरुसँग मिलेर सञ्चालन गरेको पद हस्तान्तरण कार्यक्रम (Girls Take Over Event) को प्राबिधिक सहयोग तथा पत्रकार सम्मेलन आयोजनाका निम्ती हामी दाजुभाईले सहकार्य गरेको थियो ।

**३) लैङ्गिक समानता र बिबिधता सम्बन्धि फिल्म फेस्टिभल**

हिंसा तथा दुर्व्यवहार बिरुद्ध पुरुष Men Against Violence & Abuse (MAVA) भारतको संस्थासँग सहकार्य गर्दै हामी दाजुभाइले संभवतः नेपालमा नै पहिलो पटक लैङ्गिकता संबन्धी फिल्म फेस्टीभल आयोजना गरेको थियो । विगतका तिन वर्ष भारतमा मात्र सिमित यस चलचित्र महोत्सव यस वर्ष नेपाल र बंगलादेशमा पनि प्रदर्शन भइ International Film Festival कोरुपमा स्थापित भएको छ । हामीदाजुभाई, संगत नेपाल, टेवा र सेन्ट जेभियर कलेजको सहकार्यमा लैङ्गिक समानता र बिबिधता सम्बन्धि यस पटकको चौंथो सम्भब फिल्म फेस्टिभल यात्रा कार्यक्रम नेपालमा मिति २०७९ जेष्ठ १९ र २० गते आयोजना गरिएको थियो । यस फिल्म फेस्टीबलले दुई दिनको प्रर्दशनमा ६०० भन्दा बढी दर्शकको प्रत्यक्ष सहभागीता थियो ।

**४) दोस्रो फेमिनिजम तथा मेन सम्मेलन**

सामाजिक न्याय र लैङ्गिक हिंसा अन्त्यका लागी पुरुषको सहभागिता प्रबर्द्धन गर्न अघिल्लो बर्ष संचालण गरिएको सम्मेलनको दोस्रो पाइलको रुपमा दोस्रो फेमिनिजम तथा मेन सम्मेलनको आयोजना गरिएको हो जस्ले फेमिनिष्ट अभियानमा पुरुषको भुमिका बढाउन सहयोग पुराउने अपेक्षा राखिएको थियो । सम्मेलनमा बिषय बिज्ञ, अधिकारकर्मी, बिभिन्न संघसस्था, अभियान तथा समुहका अभियनता र नेतृत्वकर्ता

सहित बिद्धत व्यक्तिहरुको उपस्थितिमा नेपालमा बृहत Feminist अभियान संचालनका लागि पुरुष सहभागिताको अनुभव र चुनौतीका बिषयमा छलफल भएको थियो ।

**५) ललितपुर महानगरपालिकाको सहयोगमा संचालित कार्यक्रम**

हामी दाजुभाईले ललितपुर महानगरपालिका वडा नं. ११ को सहयोगमा वडामा क्रियाशिल बालक्लबका सदस्यहरुका लागि दुई दिने ईन्टरनेट सुरक्षा तथा जिन बनाउने तालिमको आयोजना गरेको थियो । कार्यक्रममा ३० जना बालबालिकाहरुको सहभागीता रहेको थियो । बालबालिकाहरुलाई अनलाईनको सुरक्षित प्रयोग र हुनसक्ने जोखिमबारे सचेतना जागरण गरि बाल संरक्षणमा टेवा पुराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिइएको थियो ।

६) हामी दाजुभाइ र मास्टरपिस दाजुभाइको नेटवर्किङ्ग

हामी दाजुभाइ स्थापना भएको वर्ष देखिनै हामी Master Peace नामक Global network मा माआवद्ध भएका थियौं । MasterPeace अन्तरगत मासिक मिटीङ्ग साथै 21 September मा HDV ले हरेक वर्ष International Day of Peace पनि मनाउने गरेको छ । यस वर्ष funding र स्रोतको कठिनाइले गर्दा HDV ले नेपालमै रहेको अर्को Master Peace club सँग सहर्काय गरि Peace for People ले गरेको event मा video documentation गर्ने कामगर्यो ।

**समग्रमा,**

संस्थाले माथि उल्लेखित कार्यक्रमहरुका साथसाथै सामाजिक संजालको उपयोग गरि सचेतना जागरण गराउने, उद्देश्य मिल्ने संस्था तथा अभियानहरु सँग सहकार्य तथा समन्वय गर्ने जस्ता क्रियाकलापहरुमा समेत सक्रिय रहदै आइरहेकोछ । लैङ्गिक समानताको लागि पुरुष सहभागिताको प्रबर्द्धन गर्ने कार्यमा संस्थाले सोहि अनुरुप योजना निर्माण र कार्यन्वयन मार्फत आवश्यक पैरबी र एजेण्डालाई स्थापित गराउने कार्य निरन्तरता पाउदै आयको छ र भबिष्यमा समेत निरन्तरता पाउने बिश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, हामी दाजुभाईको बार्षिक प्गति प्रतिबेदन प्रस्तुत गरिरहँदा संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुराउनुहुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।